फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन तथा मानव संसाधन व्यवस्थापन शाखा)
थकेपुङ, पाँचथर

## तह बृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८२/०२/१४)

(सूचना नं. २/०८१/०८२)

प्रस्तुत विषयमा कोशी प्रदेशको **स्थानिय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०** तथा दफा २७ तथा **फालेलुङ गाउँपालिकामा कार्यरत कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि,२०८१** को दफा ६ को उपदफा १ (क) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तहमा तहबृद्धिको लागि तह बृद्धि हुने पदभन्दा एकतह मुनीको पदमा पाँच बर्ष अवधि पुरा भएका र यो सूचना बमोजिम दरखास्त दिने मितिसम्ममा तह बृद्धिका लागि आवश्यक न्युनतम योग्यता हाशिल गर्ने यस कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत स्थानीय सरकारी सेवामा बहाल रहेका कर्मचारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र **फालेलुङ गाउँपालिकामा कार्यरत कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१** को अनुसूची-१ मा उल्लेख भएको तहबृद्धिको निवेदनको ढाँचामा देहायबमोजिमका सम्पूर्ण कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्ने प्रयोजनका लागि फालेलुङ गाउँपालिकाको तहबृद्धि समितिको मितिः २०८२।०२।१४ गतेको बैठकको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी।
(ख) शुरु स्थायी नियुक्तिदेखी हालसम्मको नियुक्ति/पदस्थापन पत्रहरुको प्रतिलिपी।
(ग) तह बृद्वि/बढुवा भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी (आवश्यक भएमा)।
(घ) समायोजन भएको पत्रको प्रतिलिपी (आवश्यक भएमा)।
(ङ) कार्यारत निकायबाट अध्ययन विदा/असाधारण विदा/ वेतलवी विदा नलिएको भनी गरिएको सिफारिस पत्र।
(च) कार्यरत निकायबाट कुनै विभागीय सजाय नपाएको/निलम्बनको निर्णय नभएको भनी गरिएको सिफारिस पत्र।
(छ) गत तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको प्रमाणित प्रतिलिप।
(ज) तह वृद्धिका लागि उम्मेदवारको सक्कल निवेदन (मोबाईल नं. सहित)।

...........................................
सुमन यड्या
प्रमुख प्रशासकीय अधिकृत


phalelungmun.gov.np ९८-५२६-८४-१०४ phalelunggaunpalika@gmail.com